# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ चैत्र २८ गते

## यूपीआर (UPR) सम्बन्धी धारणावारे आयोगको ध्यानाकर्षण

गत मार्च १६, २०१६ मा संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्‌को जेनेभामा सम्पन्न ३१ औं बैठकमा नेपालको मानव अधिकार अवस्था र मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको औपचारिक धारणालाई लिएर नेपालका सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्ष तथा पदाधिकारी बीच भएको छलफलको विषय विभिन्न कोणबाट सार्वजनिक भइरहेकोप्रति आयोगको ध्यानाकर्षण भएको छ । आयोगका सदस्य तथा प्रवक्ता माननीय मोहना अन्सारीबाट परिषद्‌को बैठकमा अभिव्यक्त भएका धारणाहरु वहाँको निजी धारणा नभई आयोगकै धारणा रहेकोतर्फ सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदै कानूनभन्दा माथि कोही पनि हुननहुने र दण्डहीनताको स्थितिको कारणबाट मानव अधिकारको संरक्षण र संवर्द्धनमा चौतर्फि प्रभाव परिरहेको स्थितितर्फ जिम्मेवार सबै निकाय तथा पदाधिकारीको ध्यान जान आवश्यक रहेको निष्कर्ष आयोगको रहेको छ ।

आपसी मतभेद र छलफलका विषयलाई संवोधन गर्न विवादभन्दा नियमित संवाद महत्वपूर्ण हुनेतर्फ आयोग स्पष्ट छ ।

अनूप राज शर्मा
अध्यक्ष


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाण्डौं, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

E-mail: nhrc@nhrcnepal.org, website: www.nhrcnepal.org